१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ । । अङ्क : १०१ ॥ २०८२ जेठ ०५ गते सोमबार (19th May 2025 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-

## धुलावारीको गिफ्टोरियम अवैध वित्तीय कारोबारको केन्द्र

झापा(प्रस) । मेचीनगरको धुलावारीमा रहेको गिफ्टोरियम अवैध वित्तीय कारोबारको ठूलो केन्द्र भएको पुष्टि भएको छ । बाहिरीरुपमा आयात निर्यातको ठूलो कारोबार गर्दै आएको गिफ्टोरियमको अवैध वित्तीय कारोबारको सञ्जाल देशभरि देखिएको हो । दुई साताअघि सीआईबीले अवैध वित्तीय कारोबारमा संलग्न २१ जनालाई ११ जिल्लाबाट पक्राउ गरेपछि गिफ्टोरियमबाट अवैध वित्तीय कारोबार संचालन भएको खुलेको थियो । उनीहरूले करिब १७ अर्ब ८६ करोड ७० लाख रुपैयाँभन्दा बढी अवैध कारोबार गरेको खुल्न आएको थियो । त्यही जानकारीका आधारमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अवैध वित्तीय कारोबारमा संलग्न ७ जनालाई बुधवार गिफ्टोरियमबाट पक्राउ गरेको हो । गिफ्टोरियमका




मुख्य संचालक मेचीनगर ७ धुलावारी निवासी कविस मारु र अनुज मारु हुन् । उनीहरुसंगै सहयोगीहरु मेचीनगर ७ धुलावारीकै निर्मल राई , दिपेन्द्र खड्का , महेश पौडेल , बिर्तामोड ५ का अंकित अग्रवाल र बिर्तामोड ५ कै सुनिल राई पक्राउ परेका छन् । उनीहरुसंग झापाका अन्य व्यक्तिहरु पनि अवैध वित्तीय कारोबारमा संलग्न रहेको बुझिएको छ । जसको बारेमा सीआइबीले अनुसन्धान गरिरहेको छ । अवैध वित्तीय कारोबारको ठूलो र पुरानो सञ्जाल भएकाले त्यसबारे अनुसन्धान भइरहेको सीआइबीका प्रवक्ता प्रहरी उपरीक्षक युवराज खड्काले बताए । गिफ्टोरियमबाट प्रत्यक्षरुपमा अवैध वित्तीय कारोबारको सञ्जाल संचालन भएको विषयमा पनि अनुसन्धान भइरहेको खड्काले जानकारी दिए । बुधवार धुलावारीमा पक्राउ परेका ७ जनालाई सीआइबीले अझै सार्वजनिक गरेको छैन ।

अवैध वित्तीय कारोबारमा झापाका अन्य व्यक्तिहरु पनि संलग्न रहेको आशंकामा सीआइबीले अनुसन्धान गरिरहेकाले पक्राउ परेका ७ जनालाई सार्वजनिक नगरेको एक प्रहरी अधिकारीले बताएका छन् ।

## बीस लाखभन्दा बढी हुण्डी रकमसहित पक्राउ

झापा(प्रस) । बीस लाखभन्दा बढी रकमसहित एक हुण्डी कारोबारी राजधानीमा पक्राउ परेका छन् । सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका वडा नं.४ पलाती स्थायी ठेगाना भई हाल काठमाण्डौं महानगरपालिका वडा नं. ३२ पेप्सीकोलामा बस्ने २४ वर्षीय संजय बस्नेतलाई २० लाख २९ हजार ६२० रुपैयाँसहित पक्राउ गरिएको प्रहरी वृत्त जनसेवा काठमाण्डौका प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दले बताए । बस्नेतको साथबाट १००० दरको १७७९ वटा ,५०० दरको ५०१ वटा , १०० दरको एउटा र २० दरको एउटा नोट बरामद भएको थियो । साथै आइफोन एक थान ,विभिन्न बैंकको हस्ताक्षर गरेको तथा खाली चेक ३० थान बरामद भएको प्रहरी




नायव उपरीक्षक चन्दले जानकारी दिए । योसंगै डीएसपी चन्दको सक्रियतामा करिव एक करोड रकमसहित पाँचजना पक्राउ परिसकेका छन् । गत बैशाख २३ गते हुण्डी कारोबार गर्ने दुई जना कारोबारी ४० लाखभन्दा बढी रकमसहित पक्राउ परेका छन् ।

४० लाख ३२ हजार ५०० रुपैयाँसहित कलकत्ता ६/ डी नर्थ रोड यादवपुर भारत स्थायी वतन भई हाल काठमाण्डौं महानगरपालिका वडा नं.२३ ओमबहाल बस्ने ६७ वर्षीय सुजन दत्त र रुपन्देही देवदह नगरपालिका वडा नं.४ स्थायी वतन भई हाल चन्द्रागिरी नगरपालिका वडा नं.१५ तिनथाना काठमाडौं बस्ने ६३ वर्षीय धर्मप्रसाद ढकाल पक्राउ परेका थिए ।

त्यस्तै गत चैत २० गते हुण्डी कारोबार गर्ने एक महिला करिव २१ लाखसहित पक्राउ परेकी थिइन् भने त्यसको दश दिनपछि चैत ३१ गते अर्की महिला पनि ९ लाख रुपैयाँसहित पक्राउ परेकी थिइन् ।

## बिर्तामोडमा चोरीको श्रृंखला रोकिएन



झापा(प्रस) । झापाको बिर्तामोडमा चोरीको श्रृंखला रोकिएको छैन । करिव दुई सातामा बिर्तामोडमा तेस्रोपटक लाखौंको चोरी भएको हो। शुक्रवार राति बिर्तामोड नगरपालिका वडा न.५ कंचनजंघा टोल बस्ने कुमार बुढाथोकीको घरबाट सुनको गरगहना ६ तोला १४ आना, चाँदीको गरगहना ६ तोला र नगद रु २० हजार गरी अन्दाजी १३ लाख बराबरको धनमाल चोरी भएको प्रहरीले जनाएको छ ।

बुढाथोकी परिवार इटहरी गएको मौकामा घरमा कोही नभएको अवस्थामा चोरी भएको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ । यसअघि पनि बिर्तामोडमा कोही नभएको मौका छोपी ढोका फोरी चोरीका घटना भएका छन् । गत बैशाख २६ गते बिर्तामोड वडा नं. ३ पुण्डरी टोल बस्ने किरण दाहालको घरबाट २९ लाखको धनमाल चोरी भएको थियो भने त्यसअघि बैशाख १५ गते दिनदहाडै ढोका फोरी बिर्तामोड -४ हिमशिखर टोल बस्ने कमला कार्कीको घरबाट २९ लाख बराबरको धनमाल चोरी भएको थियो ।

## टिपरको ठक्करबाट लिम्बू दम्पती सख्त घाइते

झापा(प्रस) । झापाको मेचीनगर नगरपालिका वडा नम्बर -१४ स्थित दुवागढी चौकमा टिपरको ठक्करबाट एक दम्पती गंभीर घाइते भएका छन् ।

आइतवार मध्यान्ह १२ बजे दुवागढी चौकस्थित मेची राजमार्गमा चारआलीबाट चन्द्रगढीतर्फ जाँदै गरेको स१क १८१ नम्वरको टिपरले सोहि दिशातर्फ जाँदै गरेको प्र.१-०१-००१८प.००७४ नम्बरको मोटरसाइकललाई ठक्कर दिएका थियो । दुर्घटनामा मोटरसाइकल चालक मेचीनगर नगरपालिका




वडा नम्बर -१३ बस्ने ५५ वर्षीय मनप्रसाद लिम्बू र पछाडि सवार उनकी श्रीमती अन्दाजी ५२ वर्षीया टिकाकुमारी श्रेष्ठ (लिम्बू ) सख्त घाइते भएका हुन् । घाइतेहरुलाई बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको छ ।

मनप्रसादको पिसाव थैलीमा चोट लागेको छ । त्यस्तै टिकाकुमारीको दुवै खुट्टामा चोट लागेको छ। दुवैको अबस्था गम्भीर रहेको छ । तत्काल फरार रहेका टिपर चालक गौरीगञ्ज १ महाभारा बस्ने २५ वर्षीय विजय सरदारलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको छ । मोटरसाइकल र टिपर प्रहरी चौकी चारआलीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

## ब्राउनसुगरसहित तीन युवा पक्राउ

झापा(प्रस)। प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित भद्रपुरका एक युवक पक्राउ परेका छन् । आइतवार साँझ ५.१० बजे भद्रपुर नगरपालिका वडा न.३ आपगाँछीमा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्लाष्टिकले पोका पारी लुकाइ छिपाइ ल्याउँदै गरेको प्लाष्टिकसहित ९ ग्राम ११०मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । उनलाई नियन्त्रणमा लिई वडा प्रहरी कार्यालय भद्रपुरमा ल्याइ राखिएको र थप अनुसन्धान






गस्ती टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट भद्रपुरतर्फ आउँदै गरेका साइकलयात्री भद्रपुर नगरपालिका वडा न. ३ ज्ञाने चोक बस्ने १७ वर्षीय आयुष तामाङ लागूऔषधसहित पक्राउ परेका हुन् । उनीसंग तथा कानुनी कार्बाहीको लागि जिल्ला प्रहरी कार्यालय पठाउने कार्य भइरहेको प्रहरी निरीक्षक लोककृष्ण दाहालले जानकारी दिएका छन् ।

त्यस्तै लागूऔषध ब्राउनसुगरसहित झापाको दमक र कमलका दुई युवा पक्राउ परेका छन् । शनिवार बेलुका अन्दाजी ४:२० बजे गौरीगञ्ज गाउँपालिका वडा न.२ आँपगाछी बजारस्थित भित्री सडकखण्डमा भारतबाट तुलाचन चौकतर्फ आउँदै गरेको प्र.१-०२-०४३ प ८२०९ नम्बरको मोटरसाइकललाई प्रहरीले चेकजाँच गर्ने क्रममा मोटरसाइकल पछाडी सवार दमक नगरपालिका वडा न. ३ फनपार्क बस्ने १९ वर्षीय मिङ्सो लिम्बूको प्लाष्टिकसहित ९ ग्राम ८५० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।

मोटरसाइकल र मोटरसाइकल चालक कमल गाउँपालिका ५ बस्ने २२ वर्षीय सुजन तोलाङ्गी समेतलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय गौरीगञ्जमा राखिएको छ । जिल्ला अदालतबाट म्याद थप गरि उनीहरुमाथि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## कोशीको बजेट अधिवेशनमा सरकारमाथि विपक्षी खनिए

झापा(प्रस) । कोशी प्रदेशको बजेट अधिवेशनमा प्रमुख प्रतिपक्षी दल माओवादी संसदीय दलका नेता इन्द्रवहादुर आङ्बोले प्रदेश सरकारमाथि तीव्र आलोचना गर्दै 'सार्वजनिक वित्तमाथि लुटपाट' भइरहेको आरोप लगाएका छन् ।

आइतबारदेखि सुरु सातौं तथा बजेट अधिवेशनको पहिलो दिन विपक्षीहरु कडा रुपमा पेस भएका हुन् । एक वर्षे अवधिमा प्रदेश सरकार नीति, योजना र कार्यान्वयन तीनै मुद्दामा असफल भएको ठहर गर्दै माओवादी नेता आङ्बोले प्रदेश सरकारले अहिलेसम्म पुँजीगत ३८ दशमवल २८, चालु ५५ प्रतिशत र कुल खर्च ४० दशमलव २ प्रतिशत मात्रै खर्च हुनु दुखद रहेको टिप्पणी गरे । थपे, 'यसैबाट थाहा हुन्छ सरकारको हविगत ।'

गत वर्ष आएको बाढी पहिरोले बागमतीपछि कोशी प्रदेशमा सबैभन्दा बढी क्षति पुऱ्याएको थियो । जसमा सबभन्दा बढी क्षति पाँचथरमा भएको थियो ।विपदमा भएको क्षतिका लागि सरकारले ४० करोड बजेट विनियोजन गरेको थियो । तर, त्यो बजेट पारित हुन ८ महिना लाग्यो । '८ महिनापछि बल्ल विपदपीडितका लागि ४० करोड रुपैयाँ पठाइयो,' आङ्बोले भने ।

बढी क्षति भएको पाँचथरमा २ करोड ८४ लाख रुपैयाँ पठाइयो । कम क्षति भएको खोटाङमा ७३ योजनाका लागि ५ करोड ५१ लाख पठाइएको छ । 'क्षति एकातिर भयो, बजेट अर्कातिर गयो,' आङ्बोको व्यंग्यात्मक टिप्पणी थियो ।

भौतिक पूर्वाधारमन्त्री भूपेन्द्र राईले आफ्नो जिल्लामा बढी बजेट पठाएको आरोप उनको थियो । 'सार्वजनिक वित्तमाथिको यो नांगो लुटपाट हो,' आङ्बोले भने, 'मुख्यमन्त्री

❖ बाँकी तेस्रो पृष्ठमा

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस्, हेपटाईटिस् रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयाष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# बिर्तामोडको विकासबारे सञ्चारकर्मीको जिज्ञासामा जनप्रतिनिधीको जवाफ

बिर्तामोड । बिर्तामोडको विकासमा सञ्चारको भूमिका बिषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । आइतबार प्रेस सेन्टर नेपाल झापाको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो ।
बिर्तामोड नगरको विकासमा सञ्चारकर्मीको जिज्ञासा तथा सुझाव र जनप्रतिनिधीको अपेक्षा र लिनदिने र आगामी दिनमा ती सुझावका आधारमा योजना निर्माणमा सहयोग पुगोस भन्ने उद्धेश्यले कार्यक्रम आयोजना गरिएको प्रेस सेन्टर झापाका उपाध्यक्ष होमप्रकाश अधिकारीले जानकारी दिए ।
प्रेस सेन्टर नेपालका केन्द्रीय सचिव दिपेन्द्र (दिपिन) राई, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष सुब्रत न्यौपाने, प्रेस चौतारी झापाका अध्यक्ष प्रदीप परियार, नारी सञ्चार गृह झापाकी पूर्व अध्यक्ष भीमा शिवाकोटी, सञ्चारिका समुह झापाकी अध्यक्ष लीला अनमोल, फोनिज झापाका अध्यक्ष अर्जुन राजवंशी, पत्रकार गणेशमान मुखिया, इन्द्रजीत मुखिया, इन्द्रसिंह राजवंशी, पुष्प बराल, बिनोद पाण्डेलगायतले नगरको विकास सम्बन्धि आ-आफ्नो जिज्ञासा र सुझाव राखेका थिए ।
कार्यक्रममा बिर्तामोड-३ का वडाध्यक्ष मदन बुढाथोकी, बिर्तामोड-४ का वडासदस्य उमेश राउत लगायतले आफ्ना भनाई राखेका थिए ।
कार्यक्रमका प्रमुख अतिथी बिर्तामोड नगरपालिकाका प्रमुख पवित्रा महतारा प्रसाई र विशिष्ट अतिथी उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले सञ्चारकर्मीको जिज्ञासाको जवाफ दिएका थिए । कार्यक्रममा सम्बोधनका क्रममा उनीहरुले बिर्तामोडले थुप्रै संख्यात्मक र गुणात्मक विकास गरेको बताए । बिर्तामोडको विकासमा सञ्चारकर्मीहरुबाट सुझाव र भएका कामहरुको प्रचारको अपेक्षा गरेको उनीहरुले बताए ।

कार्यक्रमकै बिच प्रेस सेन्टर नेपालको पाँचौं अधिवेशनबाट केन्द्रिय सचिवमा झापाबाट निर्वाचित दिपेन्द्र (दिपिन) राई र सदस्य राजु पाठकलाई सम्मान गरिएको थियो ।

प्रेस सेन्टर नेपाल झापाका अध्यक्ष पुष्प खड्काको अध्यक्षतामा भएको कार्यक्रममा सहभागीहरुलाई उपाध्यक्ष होमप्रकाश अधिकारीले स्वागत गरेका थिए भने कार्यक्रम सचिव प्रकाश उप्रेतीले सञ्चालन गरेका थिए ।

# मोटरसाइकल चोर्ने चारजना पक्राउ

बिर्तामोड(प्रस) ।झापाको बिर्तामोडमा सञ्चालित विशेष प्रहरी अपरेशनका क्रममा मोटरसाइकल चोरीमा संलग्न रहेको आशंकामा चार जना पक्राउ परेका छन् । प्रहरीले उनीहरूबाट चारवटा चोरीका मोटरसाइकलसमेत बरामद गरेको छ ।
इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठको नेतृत्वमा खटिएको प्रहरी टोलीले गोप्य सूचनाको आधारमा विशेष अपरेशन सञ्चालन गरेको थियो । प्रहरीहरू सादा पोशाकमा परिचालन गरिएका थिए ।अपरेशनका क्रममा सुपर स्प्लेन्डर, एभेन्जर, साइन र पल्सर मोटरसाइकलसहित चार जना पक्राउ परेका छन् । बरामद गरिएका सबै मोटरसाइकलमा नक्कली नम्बर प्लेट प्रयोग गरिएको प्रहरीले जनाएको छ ।




पक्राउ पर्नेहरूमा कन्काई-६ का रञ्जित राजवंशी, बिर्तामोड-३ का कुमार राजवंशी, बिर्तामोड-७ का जागिर आलम रहेका छन् । चौथो व्यक्तिको परिचय खुलाइएको छैन ।प्रहरीले घटनाबारे थप अनुसन्धान अघि बढाएको छ।

# सुपारी आयात हुँदा २५ अर्ब बराबर राजस्व संकलन : मन्त्री भण्डारी

झापा(प्रस) । उद्योग वाणिज्य तथा आपूर्ती मन्त्री दामोदर भण्डारीले सुपारी आयात हुँदा २५ अर्ब बराबर राजस्व संकलन हुने दाबी गरेका छन् ।
आइतबार राष्ट्रिय सभा अन्तर्गत आर्थिक मामिला तथा सुशासन समितिमा बोल्दै ठुलो परिमाणमा राजस्व संकलन हुने भएकाले कानुन सशोधन गरेर आयात अनुमति दिइएको बताए ।
'सुपारी बढी चर्चामा आयो । थुप्रै फाईल लिएर आएको छु,सर्वोच्च अदालतको फैसला, लगायत,' उनले भने,'कुन समितिको निर्णय सरकारले मान्ने? अन्यौलमा छ मन्त्रालय । फरक -फरक समितिले फरक निर्णय गरेको छ ।'
२५ अर्बको आसपासमा राजस्व आउने दावी गरे । कच्चापदार्थको रुपमा आउँछ । 'कानुन बनाएर व्यापारिक प्रयोजनका लागि नभएर औद्योगिक प्रयोजनका लागि मात्रै ल्याउन दिएका छौं,' मन्त्री भण्डारीले भने,'कहिले सुपारीको डिएनए परीक्षण गर्नुपर्छ भन्ने निर्देशन दियो तर डीएनए परीक्षण नार्कले गर्ने हो उसले सकिँदैन भन्यो ।भन्सार विन्दुमा चेकजाँच होला नि ।'
जसका कारण स्वदेशी उत्पादन सुपारी निर्यात गरन नसकेको तर्क गरे । डीएनए परीक्षण गर्न सम्भव नभएको र यो कुराले किसान लामो समयदेखि हैरान भएको उनको भनाइ थियो । साथै समितिका सभापति कमला पन्तले नार्कले सुपारीको डीएनए परीक्षण गर्न सक्ने जानकारी दिइएको दाबी गरिन् ।

# स्कुटर दुर्घटनामा चालकको मृत्यु



झापा(प्रस) । मोरङको विराटनगरमा भएको स्कुटर दुर्घटनामा चालकको मृत्यु भएको छ ।
शनिवार राति १२.५ बजे बिराटनगर -३ आयल निगमनजिक खार्जीबाट कंचनवारीतर्फ आउँदै गरेको प्रदेश १-०२-०५०प ९७९६ नं. को स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा स्कुटर चालक विराटनगर -६ बस्ने अन्दाजी ५० वर्षीय मोहम्मद अब्दुल कलाम घाइते भएका थिए । उनलाई उपचारको लागि नोबेल अस्पताल बिराटनगरमा लगी उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।


## बिर्तामोड नगरपालिकाको

### अत्यन्त जरुरी सूचना

**यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।**

**अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।**

बिर्तामोड नगरपालिका
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल


# राास्वपा भद्रपुरको सभापतिमा प्रेम नेउपाने

भद्रपुर(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टी भद्रपुर नगर समितिको सभापतिमा प्रेम नेउपाने चयन भएका छन् । शनिवार सम्पन्न प्रथम नगर अधिवेशनले प्रेम नेउपानेको सभापतित्वमा १४ सदस्यीय नगर समिति गठन गरेको हो ।


जसको उपसभापतिमा रुद्रप्रसाद चुडाल , सचिव प्रेमप्रसाद खनाल, सहसचिव टेकबहादुर गुरुङ तथा सदस्यहरुमा रामबहादुर कार्की, राधाकृष्ण अधिकारी, दुर्गा गुरागाईं गौतम , अनिता लिम्बू , पवन रोक्का , कञ्चन मुर्मु , श्रवणकुमार पहाडी , पुनमकुमारी मेचे र डिकबहादुर बुढाथोकी रहेका छन् ।

भद्रपुर-६ स्थित मोहपाल धर्मशालाको सभाहलमा भद्रपुर नगर समितिको आयोजनामा कार्यक्रम भएको थियो ।

भद्रपुर नगर समितिका सभापति प्रेम न्यौपानेको अध्यक्षता तथा प्रतिनिधि सभा सदस्य निशा डाँगीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रतिनिधि सभा सदस्य सोभिता गौतम, पार्टी केन्द्रीय सदस्य ज्वाला संग्रौला, कार्यवाहक जिल्ला सभापति प्रकाश पाठकलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी करिब ५१ जना राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेको जनाइएको छ ।




# चन्द्रगढी सामुदायिक वनको मिलबाट अवैध काठ बरामद



झापा(प्रस) । चन्द्रगढी सामुदायिक वन उपभोक्ता समितिले अवैधरुपमा आफ्नो मिलमा काठ चिरान गरिरहेको अबस्थामा डिभिजन वन कार्यालयले पक्राउ गरेको छ ।
शुक्रवार बेलुका ४.३० बजे चन्द्रगढी सामुदायिक वन उपभोक्ता समितिले आफ्नो मिलमा अवैधरुपमा चिरान गरिरहेको अवस्थामा ८३.५२ क्युफिट सखुवाको चिरान काठ पक्राउ गरिएको हो ।
कटान अनुमतिभन्दा बाहिर वन समितिले काठ चिरान गरिरहेको अबस्थामा नियन्त्रणमा लिइएको डिभिजन वन कार्यालयका वन अधिकृत जीवन पाठकले बताए । उनले सो काठ आवश्यक कार्वाहीको लागि डिभिजन वन कार्यालयमा ल्याइएको जानकारी दिए ।

# फरार प्रतिवादी १० वर्षपछि पक्राउ

झापा(प्रस)। झापामा जवरजस्ती करणी र चोरी मुद्दाका एक फरार प्रतिवादी १० वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा मेचीनगर नगरपालिका वडा नं.११ बस्ने ३२ वर्षीय प्रदिप राई रहेका छन् । तत्कालीन पुनरावेदन अदालत इलामको २०७२ असार १६ गतेको फैसला अनुसार जवरजस्ती करणी र चोरी मुद्दामा १० बर्ष कैद तथा पीडितलाई रु.१ लाख क्षतिपूर्ति भराउनु पर्ने फैसला भई राई फरार रहेका थिए । जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले खोजतलासको क्रममा पाँचथरको फिदिमबाट शुक्रवार उनलाई पक्राउ गरेको हो । आइतवार झापा जिल्ला अदालतमा उपस्थित गराई अदालतको आदेशले कारागार पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश ,इलाम जिल्ला,इलाम नगरपालिका वार्ड नं.-०८, मा बस्ने श्री कृष्ण बहादुर ठकुरीका छोरा,श्री बिजया साम्बाका पति,श्री खगेन्द्र ठकुरीको मिति वि.सं.२०८१/०४/३२ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय इलाममा रहेको वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोरी श्री योनिला ठकुरी र छोरा योमस ठकुरीले मिति वि.सं.२०८२/०१/२३मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np



## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति २०८२/०२/०५

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने ३५दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउन ु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमृकदाचित सो धितोबाट अुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसुचीमा समावेश गरी असुल उपर हुन बांकी रहेको रकम ऋणी तथा कर्जा लिंदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेकोवा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनबमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**शाखा कार्यालय : दमक**

| **ऋणी, धितो र व्यक्तिगत जमानतकर्ताको नाम, थर तथा तीन पुस्ते विवरण** | **धितो सुरक्षणको विवरण** |
|---|---|
| १. ऋणी : दमक नगरपालिका, ५ नं. वडा कार्यालय, दमक, झापा, १ नं. प्रदेशबाट मिति २०७५/०३/०६ मा प्रमाण पत्र नं. ०३-३६-०१६५ अर्न्तगत रजिष्ट्र्ड/दर्ता भएको रजिष्ट्र्ड ठेगाना झापा जिल्ला, दमक नगरपालिका, वडा नं. ५ स्थित सावित्रा स्टोरका तर्फबाट ऐ. का प्रोपाइटर रिख बहादुर भुजेलको छोरी, रत्न बहादुर भुजेलको बुहारी, केशव कुमार भुजेलको पत्नी नागरिकता बमोजिम झापा जिल्ला, दमक न.पा., वडा नं. ६ स्थायी ठेगाना भै हाल झापा जिल्ला, दमक न.पा., वडा नं. ३ बस्ने मिति २०६३/११/३० मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०४०३०४४-३०७८ भएकी बर्ष ४० की **शर्मिला भुजेल** ।<br>२. **ऋणी** : भिम बहादुर भुजेलको नाति, रत्न बहादुर भुजेलको छोरा नागरिकता बमोजिम झापा जिल्ला, दमक न.पा., वडा नं. ६ स्थायी ठेगाना भै हाल झापा जिल्ला, दमक न.पा., वडा नं. ३ बस्ने मिति २०५५/०८/२२ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ६५९४ भएको बर्ष ४४ को **केशव कुमार भुजेल ।** | सावित्रा देवि भुजेलको नाममा भूमिसुधार तथा मा.पो.का दमकमा, दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा., वडा नं. ३ स्थित कि.नं. १८६८ को क्षेत्रफल ०-१-१० (बि.क.धु) भएको जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**धितो / व्यक्तिगत जमानतकर्ता**<br>नाम : सावित्रा देवि भुजेल<br>बाबु : बिर बहादुर भुजेल<br>पति : रत्न बहादुर भुजेल<br>ना.प्र.नं : २३११७७०१ (जारी मिति : २०४४/११/१६, झापा)<br>ठेगाना:- झापा जिल्ला, दमक नगर पञ्चायत, वडा नं. ८ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा., वडा नं. ३ बस्ने । |
| **कर्जा शिर्षक :- व्यवसायिक आवधिक कर्जा (सहुलियत कर्जा) र व्यक्तिगत आवधिक कर्जा** | |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कूनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धराटी फिर्ता दिन सकिन्ेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सगरमाथा संवादको उपलब्धी

'सगरमाथा संवाद २०२५' को समापनसँगै नेपालले जलवायु परिवर्तन, हिमाली क्षेत्रको संरक्षण र मानव भविष्यका लागि २५ बुँदे घोषणापत्र सार्वजनिक गरेको छ। आइतबार समापन सत्रमा परराष्ट्र मन्त्री डा.आरजु राणा देउवाले उक्त घोषणापत्र सार्वजनिक गर्दै विश्व समुदायलाई जलवायु सत्कट विरुद्ध एकजुट भई कदम चाल्न आह्वान गरेकी छन्।

'सगरमाथा कल फर एक्सन' घोषणापत्रमा १.५ डिग्री सेल्सियसको तापक्रम सीमा कायम राख्न आवश्यक उपायहरू प्रस्तुत गरिएको छ। उक्त घोषणापत्रले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा देखिएको जोखिमलाई विश्वसामु उजागर गर्न सफल भएको भन्दै मन्त्री राणाले संवादमार्फत मानव भविष्य सुरक्षित गर्न सबै सहभागीबिच सहमति बनेको जानकारी दिएकी छन्। तीन दिने कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको सरकारको दावी छ। घोषणापत्रमा हिमाल बचाउने प्रतिबद्धता, हरित प्रविधिको प्रवर्द्धन, विकासशील राष्ट्रहरूलाई सहुलियत, वित्तीय सहयोग तथा जलवायु न्यायका पक्षमा ठोस मागहरू राखिएका छन्।

सगरमाथा संवादको यस संस्करणले नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा जलवायु नेतृत्वदायी राष्ट्रको रूपमा स्थापित गरेको बताइएको छ।

नेपालले आफ्नो अन्तर्राष्ट्रिय छवि र पहिचानलाई बढावा दिनको लागि सगरमाथा संवाद जस्ता स्थायी फोरमको निर्माण गर्ने योजना बनाएको छ।

कोरोना महामारी र राजनीतिक परिवर्तनका कारण यस कार्यक्रमको प्रारम्भिक तयारी रद्द भए पनि नेपालले जलवायु परिवर्तन र पर्वतीय राष्ट्रहरूको जोखिमबारे विश्वलाई जानकारी दिन आवश्यक रहेको बताएको छ।

नेपालले हिमाल र टापु राष्ट्रहरूको जोखिमलाई ध्यानमा राख्दै ग्लोबल एलाइन्स निर्माण गर्नुपर्ने र यसले विश्वव्यापी जलवायु परिवर्तनको चुनौतीलाई सम्बोधन गर्न मद्दत गर्ने विश्वास व्यक्त गरेको छ।

यसअघि विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले पनि उच्च जोखिममा राखेपछि सरकारले सगरमाथा संवाद स्थगित गर्ने निर्णय गर्नुपर्‍यो। पछि सरकार परिवर्तन भयो, पछिल्लो सरकारहरूले गर्छौं त भने तर त्यति प्राथमिकता पाएन। हामीकहाँ अलिअलि राजनीतिक खिचातानी, प्रतिशोध जस्तो प्रवृत्ति पनि छ। त्यसको अलिअलि असर पर्‍यो होला। अबका दिनमा यस्तो कुरामा राजनीतिक विषयको असर पर्न दिनु हुँदैन। स्थायी कार्यक्रमका रूपमा लैजानुपर्छ।




# दबाबमा रहेको अर्थतन्त्र र बजेट



• डा. चन्द्रमणि अधिकारी

अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा राजस्वको अनुमान, संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम, विनियोजन ऐनबमोजिम व्यय हुने रकम, अघिल्लो वर्षको खर्च र त्यसले लिएको लक्ष्यको उपलब्धिसमेतको विवरण समावेश रहेको आगामी वर्षको राजस्व र व्ययको अनुमान चालु वर्षको जेठ १५ गते संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा पेस गर्नुपर्ने संवैधानिक व्यवस्था छ। यसैलाई बजेट भनिन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन, २०७६ का अनुसार नेपालको बजेट तर्जुमाको चक्र स्रोत समितिको सिफारिसमा राष्ट्रिय योजना आयोगले आगामी तीन वर्षका लागि उपलब्ध हुने स्रोत र खर्चको सीमा तथा आवधिक योजनाद्वारा प्रक्षेपित लगानीका आधारमा कुल राष्ट्रिय स्रोतको अनुमान गरेसँगै सुरु हुन्छ। यस्तो अनुमान गर्दा समष्टिगत आर्थिक परिसूचक, राजस्व, सहायता तथा ऋणसमेतका विषयको वस्तुनिष्ठ विश्लेषण गर्नु पर्छ।

राष्ट्रिय योजना आयोगले आगामी वर्षका लागि १८ खर्ब ६५ अर्बको बजेट सिमा तोकेको छ। सम्भाव्य स्रोत र खर्चको सीमा निर्धारण भइसकेपछि आगामी वर्षका लागि बजेट तर्जुमा गर्न तीन वर्षको मध्यमकालीन खर्चको खाका र सीमासहितको बजेट तर्जुमा निर्देशन तथा ढाँचा सम्बन्धित मन्त्रालय र अन्य केन्द्रीय निकाय गइसकेको छ। ती निकाय सो सीमाभित्र बसेर बजेटलाई अन्तिम रूप दिने गृह कार्यमा जुटेका छन्। यद्यपि कतिपय निकायका पदाधिकारीले प्राप्त सीमा बढाउन राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई आग्रह पनि गरेका छन्। बजेट सीमाका बारेमा पनि कुरा उठेका छन्, त्यो स्वाभाविक पनि हो। विगत वर्षदेखि हुँदै आएको खर्चको रकम, खर्च अनुपात, खर्च गर्ने संस्थागत क्षमता, स्रोतको उपलब्धता र थप स्रोत परिचालनको सम्भावनालाई दृष्टि गर्दा बजेटको यो सीमा बढी हो कि भन्ने देखिन्छ। अर्कातिर माग, आवश्यकता र दिगो विकाससमेतका लक्ष्य हासिल गर्न लगानी गर्नुपर्ने स्रोतको प्रक्षेपणलाई हेर्दा भने निर्धारित बजेट सीमा कम भएको अनुभव हुन्छ। अर्थमन्त्रीको मूल चुनौती पनि यी दुई आयामबिच सन्तुलन ल्याउनु हो।

खर्चको सीमा निर्धारण गर्दा विशेषतः सम्भावित अर्थिक दायित्व, राजस्व छुटसम्बन्धी प्रतिबद्धता र भुक्तानी दिन बाँकी दायित्वलाई पनि ख्याल गर्नु पर्छ। स्रोतको अनुमानको आधार तयार गरिएको बजेटको सीमाले मध्यकालीन खर्चको एकीकृत खाकाको आधार प्रदान गर्छ। दिएको सीमाभित्र बसी केन्द्रीय निकायहरू र ती अन्तर्गतका कार्यालयले तर्जुमा गरी योजना आयोगमार्फत अर्थ मन्त्रालयमा पठाउने बजेट, कार्यक्रम र मध्यकालीन खर्च संरचनाको गुणस्तरले आगमी वर्षको बजेट तर्जुमाको प्रभावकारिता निर्धारण गर्छ। किनभने केन्द्रीय निकायले मातहत कार्यालयबाट प्राप्त प्रस्तावसमेतका आधारमा तिनलाई एकीकृत गरी आगामी तीन वर्षको खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोग तथा अर्थ मन्त्रालयमा पठाउँछन्। यही चरणमा गरिने कार्यले बजेटको प्राथमिकता र कार्यान्वयनमा जाने योग्यता परीक्षण गरी बजेटको प्रभावकारिता र गुणस्तरीयता बढाउन मद्दत गर्छ।

यहाँ हचुवाको भरमा काम भयो भने बजेटमा कच्चा कार्यक्रम र तयारी नभएका आयोजना पर्छन्, फलस्वरूप समग्र विनियोजन पक्ष नै फितलो हुन्छ। त्यसैले यस चरणमा मन्त्रालय तथा अन्य निकायका उच्च नेतृत्वले बजेट तर्जुमा कार्यको नियमित अनुगमन, निर्देशन र निगरानी गर्नु पर्छ। विगतका अनुभवमा कमीकमजोरी रहेको देखिन्छ। फलस्वरूप आवधिक योजना, क्षेत्रगत योजना तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना र बजेटका बिच पर्याप्त तालमेल हुन सकेको देखिँदैन। संसद्मा प्रस्तुत नीति तथा कार्यक्रम एवं सिद्धान्त तथा प्राथमिकता र बजेटमा समावेश भएका कार्यक्रमबिच पनि तादाम्यता नमिलेका उदाहरण भेटिन्छन्। यसले विनयोजन कौशलतालाई फितलो बनाएको छ। विनियोजित रकम निर्धारित लक्ष्य हासिल गर्ने काममा खर्च हुन सकेको देखिँदैन। यस प्रवृत्तिले लगानी, उत्पादन, उत्पादकत्व, आर्थिक वृद्धि, रोजगारीका लक्ष्य पूरा गर्न बाधा पुर्‍याएको छ। राजस्व पनि लक्ष्य अनुरूप परिचालन पनि हुन सकेको छैन। वित्तीय अनुशासन कमजोर बन्नाले बेरुजु रकम बढेर कुल बजेटको दुई तिहाई बराबर पुगेको छ। उता सार्वजनिक ऋणको भार कुल बजेटको भन्डै डेढी र कुल गार्हस्थ उत्पादनको ४६ प्रतिशतभन्दा माथि पुगेको छ।

क्षेत्रगत मन्त्रालय तथा अन्य केन्द्रीय निकायले यी कुरामा सुधार गर्ने लक्ष्य राखेर कार्यक्रमको आवश्यकता र स्रोतको उपलब्धता, आर्थिक अनुशासन, विनियोजन कुशलता, बजेट कार्यान्वयन क्षमता र समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने कुरालाई केन्द्रविन्दुमा राख्नु पर्छ। आगामी तीन वर्षको समष्टिगत वित्त, बजेट, कार्यक्रम एवं नतिजा खाकासमेतको मध्यकालीन खर्चको स्वरूप तयार गर्ने, राष्ट्रिय योजना आयोगले आवधिक योजना तथा दीर्घकालीन रणनीतिसँग सो खाका र त्यसको अनुमान तथा प्रक्षेपण मिलेनमिलेको हेरी एकीकृत खर्च संरचना तयार गर्नु पर्छ। अर्थ मन्त्रालयले यही संरचनाको जगमा बसेर वार्षिक आय व्ययको अनुमान तयार गरी संसद्मा प्रस्तुत गर्ने परिपाटी बसाउन सके बजेट तयारी कार्यको प्रभावकारिता बढ्न गई बजेटको कार्यान्वयन सहज हुँदै जाने छ।

नेपाल सरकारको आगामी वर्षको नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत भई स्वीकृतसमेत भइसकेको छ। उता विनियोजन विधेयक संसद्मा प्रस्तुत हुनुभन्दा अगाडि नै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण संघीय संसद्मा प्रस्तुत गर्नुपर्ने कानुनी व्यवस्था छ। यसको उद्देश्य बजेटलाई बढी परिपक्व र राजनीतिक दृष्टिले बढी स्वीकार्य बनाउनु हो। यो दस्ताबेज पनि संसद्मा प्रस्तुत भइसकेको छ। अब संसद्ले त्यसमा छलफल गरी आवश्यक थपघट गर्नुपर्ने भए सुझावसहित अर्थ मन्त्रालयमा लेखी पठाउनु पर्छ।

बजेटलाई प्रभावकारी बनाउन संसद्को महत्वपूर्ण भूमिका रहन्छ। सिद्धान्त तथा प्राथमिकतामा सघन छलफल चलाउने र केस्रा केस्रा केलाई अहिलेको अर्थतन्त्रको चरित्र अनुकूल स्रोत विनियोजन गर्ने बाटो पहिल्याउन संसद् गम्भीर बन्नु पर्छ।

यसलाई औपचारिकतामा सीमित राख्नु हुँदैन। यसैको जगमा अर्थमन्त्रीले आय व्ययको अनुमान तयार गरी संसद्मा पेस गर्ने हुनाले यसलाई संसद्मा प्रस्तुत गर्नुअघि नै बढी परिस्कृत बनाउन संसद् सक्षम देखिनु पर्छ।

हुन त बजेट तयारीको वास्तविक र प्रभावकारी समय निकै छोटो पनि छ। बजेट मोटामोटी चार महिनामा बन्छ। संसद्मा पेस भएको डेढ महिनाभित्र पारित हुने गरेको छ। यो अवधि अर्थतन्त्रको विद्यमान अवस्थाको विश्लेषण, तीन तहका सरकारको कुल राष्ट्रिय स्रोतको अनुमान, प्रादेशिक सन्तुलनको पुनरावलोकन, मानव बस्तीको जनसांख्यिक वितरणको अवस्था मूल्याङ्कनसमेतका काम दृष्टिले छोटो हो। यद्यपि यसै अवधिलाई प्रभावकारी र फलदायी बनाउनु अहिलेका आवश्यकता हो। भोलिका दिनमा यसमा सुधार गर्न सकिन्छ। तत्काललाई हामीसँग विकल्प छैन।

अर्थतन्त्र दबाबमा छ। स्रोतको कमी छ। न्यून वृद्धि, न्यून लगानी, उद्योगहरू न्यून क्षमतामा चल्नु, कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान घट्नु तर उद्योग क्षेत्रको योगदान यथावत् छ। न्यून राजस्व परिचालन, मूल्यवृद्धिले आर्थिक वृद्धिलाई उछिनिरहनु, चालु खर्चको वृद्धिले राजस्व वृद्धिलाई उछिन्नु, बजेटमा पुँजीगत विनियोजन र खर्चमा न्यूनता आउनु, सार्वजनिक ऋणको अंश बढेर जानु, युवा बाहिरिने क्रममा सुधार नहुनाले उत्पादन र निर्माण क्षेत्रमा श्रम शक्तिको अभाव छ। राजस्व बक्यौता तथा समग्र बेरुजु अङ्क बढेर जानुले पनि अर्थतन्त्र दबाबमा रहेको पुष्टि पनि गर्छ।

यस अवस्थामा अर्थतन्त्रलाई दबाब मुक्त र बजेटलाई नकारात्मक पक्षबाट प्रभावमुक्त बनाउन सरकारका विभिन्न अङ्ग र निकायले एकीकृत रूपमा काम गर्नुपर्ने देखिन्छ। यसका लागि आउँदो वर्षको बजेट निर्माण कार्यलाई सुधारको प्रथमविन्दु बनाई राजस्व अनुमानलाई बढी वैज्ञानिक र यथार्थपरक बनाउन सक्नु पर्छ। यसका लागि चालु खर्चको विनियोजन राजस्वको उपलब्धता र मितव्ययिताको सिद्धान्तको आधारमा गर्नु पर्छ भने पुँजीगत तर्फको विनियोजन आयोजनाको आवश्यकता, त्यसको लागत, लाभ, प्रतिफल र नतिजा तथा सम्बन्धित निकायको खर्च गर्न सक्ने प्राविधिक तथा व्यवस्थापकीय क्षमताका आधारमा गर्नु पर्छ।

चालु खर्चतर्फको सुधारका लागि कतिपय खर्च शीर्षक र तिनमा देखिने छिद्र पत्ता लगाई तिनलाई बन्द गर्ने, दिई आएका अनुदान, सुविधा र सामाजिक सुरक्षाका क्षेत्रमा देखिएका दाहोरोपन हटाउनेसमेतका कार्य गर्नु पर्छ। कतिपय संरचना र कार्यमा जोडिएको जनशक्तिको संख्यालाई पनि छाँटकाँट गर्नु पर्छ।

पुँजीगत खर्चतर्फ भने तत्कालै सम्पन्न गर्दा उत्पादन र रोजगारी बढाउन तथा अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक बनाउन सहयोग पुर्‍याउने खालका आयोजनालाई पहिलो प्रथमिकतामा राखी बजेट विनियोजन गर्नु पर्छ। पूर्ण तयारीका आयोजनालाई मात्र मध्यकालीन खर्च संरचनमामार्फत बजेटमा समावेश गर्ने र खर्च संरचनाका आधारमा बजेट तर्जुमा गर्ने पद्धतिको कडाइका साथ पालना गर्ने, सुशासन र अनुशासन कायम गरी स्रोतको दक्षता तथा लागत प्रभावकारिता बढाएर उही काम हिजोको भन्दा कम रकममा सम्पन्न गर्ने परिपाटी बसाल्नु पर्छ। अत्यावश्यकबाहेक नयाँ आयोजना समावेश गर्नु हुँदैन। चालु खर्चमा कटौती भई बचत भएको रकम पुँजीगत तर्फ विनियोजन गरी पुँजीगत बजेटको अङ्क बढाउनु पर्छ।

अन्त्यमा बजेटको आकारभन्दा प्रभावकारिता बढाउने, सार्वजनिक ऋणको अहिलेको अनुपात बढ्न नदिने, कुल बजेटमा पुँजीगत बजेटको अनुपात कम्तीमा एक चौथाइ पुर्‍याउने र राजस्वतर्फ मूल्य अभिवृद्धि करमा देखिएका विकृति अन्त्य गर्ने गरी कानुनमा सुधार गर्नेसमेतका आँट र अठोटसहितको बजेट आएमा सरकारले लिएका लक्ष्य पूरा गर्नमा सहयोग पुग्ने देखिन्छ।

# सामाजिक सञ्जालको नवीन भाष्य



• सञ्जीव कार्की

निराशा, अवसाद र विषादको कुरा गर्ने मान्छे संसारमा थुप्रै छन्। सामान्य असहमतिमा पनि मान्छेहरू उदासीन बन्छन् र नकारात्मक विचार प्रकट गर्छन्। सामान्य इस्युलाई 'जनरलाइज्ड' गरेर प्रतिक्रियात्मक हुने आममान्छेको प्रवृत्ति बनेको पाइन्छ। 'ब्याड न्युज इज गुड न्युज' भन्ने वैचारिकी अब पनि तोड्न सकिएन र 'गुड न्युज इज गुड न्युज' को भाष्य हाम्रा पत्रपत्रिका, अनलाइन, सामाजिक सञ्जाल र समाजमा बनाउन सकिएन भने भोलिको पुस्ताले हामीले बनाएको गलत भाष्य र वैचारिकीको कारण हामीलाई धिक्कार गर्ने छ। दुत्कार गर्ने छ। भ्रम र बेइमानीको व्यापार गर्ने पुस्ता र दस्ताका रूपमा मूल्याङ्कन गर्ने छ।

असल संस्कृति बसाउन नसकेको पठनपाठनको आदत नबनाएको र सार्वजनिक सञ्चार माध्यममा आएका विषय र कुराको सत्यापन नगरी प्रचार प्रसार गर्ने अभ्यास गरे गराएकोमा भावी पुस्ताले हाम्रो योग्यता, क्षमता, आचरण र अभ्यासमा नैतिक र धारिलो प्रश्न गर्ने छन्। गलत प्रवृत्ति र परिपाटीका लागि साहसी भएर आफ्नो धारणा, विचार र ट्रेन्ड बनाउन नसकेको भन्दै आपत्ति गर्ने छन्। सम्बन्धित निकाय र सरोकारवालालाई खबरदारी गरेर सच्याउन नसकेकोमा खेद प्रकट गर्ने छन्। निकम्मा पुस्ताको दर्ज्यानी चिह्न प्रदान गर्ने छन्। स्वतन्त्रता र लोकतन्त्र गणतन्त्रको दुहाई दिएर जे पनि भने, जे पनि (जायज नाजायज, अराजक, अश्लील र अनैतिक) बोलिने सामाजिक सञ्जालमा जे पनि राखिने वृत्ति र प्रवृत्तिको कारण समाज मनोरोगी बन्दै गएको कुरा छर्लङ्ग छ। यसतर्फ खतरा आउँदै छ भनेर विज्ञहरूले भनिरहेका पनि छन्। बालबच्चा, युवा, वृद्धा सबै जना सामाजिक सञ्जालमा आएका खराब कुराको सिकार बनेका र लतमा परेका कुरा पनि सर्वविदितै छ। सामाजिक सञ्जाल प्रयोगलाई सिर्जनात्मक बनाउन र लतलाई छोड्न धेरै कुरा गर्नुपर्ने छ। सामाजिक सञ्जालका कारण पारिवारिक विगठन, आत्महत्या दुरुत्साहन, ' ब्ल्याक मेलिङ,' सामाजिक नैतिक चरित्र ध्वस्त, बिजनेस व्यापार चौपट मानसिक समस्या, मानसिक यातना थ्रेट, गोप्यता भङ्ग, समयको बरबादी आदि जस्ता विकृति सर्वत्र देखिएका छन्।

गलत मनोविज्ञानका कारण देश बर्बादीको खाडलमा जाँदा पुस्तौँपुस्ताले आजको पढेलेखेको र प्राज्ञिक वर्गलाई तिनले प्राप्त गरेको शिक्षा, समझ र विवेकप्रति धारिलो व्यंग्य गर्ने छन्।

विरासतमा गर्व गर्नुपर्ने पुस्ताले नफरत गर्‍यो भने हाम्रो ज्ञानको उपहास हुने छ। ज्ञान एउटा महत्वपूर्ण शक्ति र सत्ता हो। सही ज्ञान र शक्तिले संसार हल्लाउन सक्छ तर ज्ञानको रूपमा गलत ज्ञान र स्वच्छन्द ज्ञान वितरण गरियो, प्रचारप्रसार गरियो भने त्यसले समाज राष्ट्र र विश्वलाई पार्ने प्रभाव दीर्घकालीन हुन्छ। गलत ज्ञानका कारण समाजमा आएको र बनेको मनोवृत्तिले गर्ने हानिले देशको अस्तित्व र मनोविज्ञानमाथि नै प्रहार गर्ने छ।

अतः सकारात्मक मनोविज्ञान र नवीन ऊर्जाका लागि अबको ज्ञान, विज्ञान, साहित्य, कला, सङ्गीत र राजनीतिले काम गर्नु पर्छ, त्यतातिर आमबौद्धिक प्राज्ञिक र विवेकशील मान्छेहरू किन घोत्लिएका छैनन् ? खराब संस्कृति उत्पादन प्रसारण र प्रयोग गर्ने काममा हामी जानेर नजानेर दुरुपयोग भएको कुरा अब बिर्सन मिल्दैन। सार्वजनिक भएका कुनै पनि विषयको फ्याक्ट चेक नगरी विषयलाई हाइलाइट गरिदिने काम तथाकथित बौद्धिक र प्राधिकारपूर्ण व्यक्तिहरू प्राडामार्फत भएका छन्। विश्व त्यस्तो युग र समयमा छ, जहाँ लाखौँ सन्देश र विचारहरू क्षणभरमा प्रवाहित भइरहेका हुन्छन्। दुर्भाग्यवश सबै सन्देश र विचार सधैँ सत्य विवेक र निष्ठामा आधारित भएर आउँदैनन्। अनेक अफवाह र भ्रमका भाष्यहरू बनेर समाजलाई तरङ्गित गर्न आइपुगेका हुन्छन्। यस्तो विषम समयमा बौद्धिक र प्राज्ञिकहरूको धर्म हुन्छ सत्य र असत्यबारे समाजलाई सुसूचित गरिदिनु।

के हामी निराशातर्फ मात्र उन्मुख छौँ ? आशाको उज्यालो बाँकी छैन ? विदेश जानेहरू नेपाल फर्केर आफ्नै माटो खोस्रेर पसिनाले सिञ्चित गरिरहेका छैनन् ? स्वदेशमै बसेर देशको लागि मात्र काम गर्नेहरू नभएका हुन् ? आशावादिताको कुनै सूचकाङ्क हामीसँग बाँकी छैन ? गलत न्यारेटिभ रोक्ने कुनै विधि र पद्धति छैनन्। स्वतन्त्रता भनेको निर्बाध र अकन्टक हुन्छ ? स्वतन्त्रताका सीमा परिधि र मानकहरू हुँदैनन् ? विधि पद्धति प्रक्रिया नियम र नैतिकताबिनाको स्वतन्त्रता कस्तो हुन्छ ? अधिकार र कर्तव्य स्वतन्त्रतासँग हिँड्ने र कहिल्यै छुटाउन नमिल्ने विषय होइनन् ? स्वतन्त्रता समता र न्यायिक आवाज सत्ता र शक्तिको आसन अनुकूल र प्रतिकूल हुन्छ र ? दोहोरो मापदण्ड अपनाएर गरिने व्यवहार स्वतन्त्रताको हकमा न्यायको हकमा कति उचित कति अनुचित ? बोली व्यवहार र सिद्धान्त पानी रङको मात्र हुने हो ? जुन रङ भेट्यो त्यसैमा रङ्गिने ? खै विश्वसनीयता ? खै सिद्धान्त ? खै निष्ठा ? खै नैतिकता ?

दलहरू, अभियन्ताहरू, प्राज्ञिक र बौद्धिक व्यक्तिहरू कोही कतै पनि सुसंस्कृति निर्माणमा लागेको, गलत मानक भत्काएर असल मानक बनाउन देखिएका छैनन्। दृष्टान्त नै सिद्धान्त बनाएर हिँड्ने र पथप्रदर्शन गर्ने अगुवाहरूको कमी देखिन्छ। समाज यस्तै हो, समाजभन्दा भिन्न किन हुनु पर्‍यो र भनेर केही आशालाग्दा अनुहारहरू पनि सैद्धान्तिक विचलनतिर गएको देखिन्छ। तथ्य, सत्य र निष्ठाको बाटो दुरूह, कहालीलाग्दो र पट्यारलाग्दो हुन्छ। समाजले एक्लै हिँडेको देखेर खिसिट्युरी पनि गर्छ ती सब पचाएर समाजलाई लिड गर्नेले आफू एक्लै र निसाहय हुँदा पनि निष्ठाको बाटो यो हो र यस्तो हुन्छ भनेर दृष्टान्त प्रस्तुत गर्नु पर्छ। त्यसो गर्ने व्यक्तिहरू अपवादको पनि अपवादमा मात्र बाँकी छन्।

### समाज र सोच बदल्ने भाष्य

समाज बदल्न सोच्ने तरिका बदल्नु पर्छ। आमव्यावहारिक जीवनको लय फेर्नु पर्छ। शैली पृथक् र आकर्षक बनाउनु पर्छ। नवीन भाष्यको खोजी गर्नु पर्छ। काम नगरी खाने संस्कृति निरुत्साहित गरी काम गरेर खाने संस्कृतिलाई बढवा दिनु पर्छ। इतिहासको पुनर्लेखन गर्नु पर्छ। इतिहास लेख्न छुटाइएका इतिहासमा योगदान गरेका दलित र जनजाति महिलाको इतिहासको सही व्याख्या आवश्यक छ। समाज र समयलाई यो अध्यायसम्म ल्याइपुर्‍याउने समुदायको योगदानको चर्चा गरिनु पर्छ। नवीन भाष्य यस्तो सोच दृष्टिकोण र आयाम हो, जसले गलत ज्ञान अवैज्ञानिक र नकारात्मक धारणा, प्रवृत्तिलाई चुनौती दिएर सकारात्मकताको स्थापनार्थ काम गर्छ। स्वास्थ्यमा अन्धविश्वासको बदला वैज्ञानिकता र औषधोपचारमा जोड, जातीय भेदभाव र परम्पराको नाममा हुने विभाजन र छुवाछुतको प्रतिवाद सिकाउनु पर्छ।

जन्मकै आधारमा श्रेष्ठ हुने र कोही अयोग्य, कोही पवित्र र कोही अपवित्र ठान्ने प्रवृत्तिको विरुद्ध योग्यता तन्त्रका बारेमा विमर्श गर्ने जनमत तयार पार्नु पर्छ। मानव जन्मले होइन, उसको सामाजिक मूल्य उसले गर्ने कर्मले, चेतनाले र विवेकले निर्धारण गर्छ भन्ने भाष्यको निर्माण गर्नु पर्छ। लैङ्गिक असमताविरुद्ध समताको भाव विकास गर्ने र छोरा होस् या छोरी दुवैलाई शिक्षा, स्वतन्त्रता र आत्मनिर्भरताका लागि उत्प्रेरित गर्ने वातावरण सिर्जनाका लागि। महामारी, भूकम्प, बाढी, पहिरो, वर्षात र हिमपात बारेका गलत सूचना अफवाहविरुद्ध वैज्ञानिक अनुसन्धान र तथ्य विश्लेषणमा विश्वास गर्ने बानी र सूचना लिन आग्रह गर्ने।

सामाजिक सञ्जालमा प्रकट हुने, सामूहिक, सामुदायिक, जातीय र धार्मिक हिंसाका विरुद्ध प्रेम विवेक र न्यायको सन्देश प्रवाह गर्ने। हामी सबै विविधतामा बाँचेका छौँ। समाज विविध रङको छ। यो सत्यलाई स्वीकार गरेर अन्य समुदाय समूहको अस्तित्वको सम्मान गर्दै व्यक्ति दोषी जतासुकै र जो कोही हुन सक्छ तर व्यक्तिको दोषलाई सामुदायिक धार्मिक र सामाजिक दोष भनेर कुनै पनि धर्म सम्प्रदाय र समुदायलाई दोषी देखाउने परिपाटीको सामूहिक प्रतिवाद गर्न सिकाउने। संवाद र समझदारीमा समस्याको समाधान सम्भव छ भन्ने विचारलाई व्यावहारिक रूप दिन

❖ बाँकी तेस्रो पृष्ठमा

# साहसिक यात्राका लागि कञ्चनजंघा हिमाल पर्यटकको रोजाइमा

झापा(प्रस) । विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजङ्घा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र बन्दै गएको छ । विशेषगरी साहसिक यात्रा, ट्रेकिङ र हिमाल आरोहणका लागि यो क्षेत्रलाई रोज्ने विदेशी पर्यटकको संख्या क्रमशः बढ्दै गएको छ ।
हालै मात्र पाँच जना विदेशी नागरिकसहित १० जनाको टोलीले सफलतापूर्वक कञ्चनजङ्घा हिमाल आरोहण गरेका छन् । उनीहरूले सेभेन समिट ट्रेक्समार्फत आरोहण सम्पन्न गरेका हुन् । सफल आरोहण गर्नेमा बेलायत, इरान, कोसोभोका नागरिक र नेपाली शेर्पा समावेश छन् । इलाइट एक्सपिडिसन काठमाडौँका निर्देशक मिङ्मा डेभिड शेर्पाका अनुसार थप ६३ आरोही र पथ प्रदर्शक कञ्चनजङ्घा हिमाल आरोहणका लागि हाल उक्त क्षेत्रमै छन् ।
कञ्चनजङ्घा हिमालको दक्षिण आधार शिविरतर्फ पनि विदेशी पर्यटकको आकर्षण बढ्दो छ । कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को याम्फुदिनस्थित कार्यालयका पर्यटन सहायक सूर्यमान राईका अनुसार गत चैत यता मात्रै १६ अमेरिकी, १५ भारतीय, पाँच रुसी नागरिक, चार इजरायली, दुई बेलायती र दुई नेदरल्याण्डका पर्यटक गरी जम्मा ४४ जना विदेशी पर्यटकले दक्षिण आधार शिविर भ्रमण गरेका छन् ।
कञ्चनजङ्घा उत्तरी आधार शिविरतर्फ पनि पर्यटकको उपस्थिति उल्लेखनीय रहेको छ ।



घुन्सा पर्यटन चेकपोष्टका पर्यटन सहायक टासी तेन्जिङ शेर्पाका अनुसार हालसम्म तीन सय ६० विदेशी पर्यटकले उत्तरी आधार शिविरको भ्रमण गरिसकेका छन् ।
यसरी कञ्चनजङ्घा क्षेत्र विदेशीका लागि मात्र नभई आन्तरिक पर्यटकको पनि रोजाइमा पर्न थालेको छ । तर आन्तरिक पर्यटकको विस्तृत तथ्याङ्क भने कार्यालयहरूमा सूचीकृत गरिएको छैन । कञ्चनजङ्घा हिमाल समुद्री सतहबाट आठ हजार ५८६ मिटरको उचाइमा अवस्थित छ । यस हिमालको आरोहण तथा अवलोकनका लागि मुख्यतः दुईवटा आधार शिविर दक्षिण र उत्तरी आधार शिविर छन् ।
उत्तरी मार्गबाट कञ्चनजङ्घा आधार शिविर पुग्न ताप्लेजुङ सदरमुकाम फुङ्लिङ बजारबाट जापनटारसम्म करिब चार घण्टा सवारी यात्रा गर्नुपर्छ । त्यसपछि जापनटारबाट तीन दिनको ट्रेकिङपछि घुन्सा गाउँ पुगिन्छ । घुन्सा गाउँबाट थप तीन दिन पैदलयात्रा गरेपछि पाँच हजार २०० मिटरको उचाइमा अवस्थित ओक्ताङ पुग्न सकिन्छ, जुन कञ्चनजङ्घा हिमालको उत्तरी क्षेत्रको अन्तिम आधार शिविर हो । घुन्सा मार्गमा आधारभूत सुविधायुक्त होटल, होमस्टे, पर्यटक विश्रामस्थल सञ्चालनमा छन्, जसले पर्यटकको बसोबासलाई सहज बनाएको छ ।

दक्षिणतर्फको मार्ग प्रयोग गर्दा फुङ्लिङ बजारबाट सवारीसाधनमार्फत झण्डै सात घण्टामा याम्फुदिन गाउँ पुग्न सकिन्छ । त्यसपछि तीन दिनको ट्रेकिङ गरेपछि चार हजार ८०० मिटरको उचाइमा रहेको पाङपेमा पुगिन्छ, जुन कञ्चनजङ्घाको दक्षिण क्षेत्रको अन्तिम आधार शिविर हो । यस मार्गमा पनि स्थानीय बासस्थान, होमस्टे र गाइडहरूको व्यवस्था रहेको कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को भनाइ छ ।
हिमाल आरोहणकर्ताले आधार शिविरमा केही दिन शारीरिक अभ्यस्तता गरी त्यसपछि क्रमशः क्याम्प १, २, ३ हुँदै शिखरतर्फ यात्रा गर्छन् । आरोहण सफल बनाउन पथप्रदर्शक, उच्च पहाडी कामदार, चिकित्सक र व्यवस्थापन समूहको सहभागिता अपरिहार्य मानिन्छ । कञ्चनजङ्घा हिमाल प्राविधिक हिसाबले नेपालका अन्य आठ हजार मिटर उचाइ भएका हिमालमध्ये एकदमै कठिन मानिन्छ । बदलिँदो मौसम, पातलो अक्सिजन, हिमपहिरोको जोखिमलगायतले यसलाई चुनौतीपूर्ण बनाउँछन् । त्यसैले यहाँको आरोहण सामान्यभन्दा लामो समय लिने र उच्चस्तरको तयारी आवश्यक पर्ने बताइन्छ ।
नेपालको पूर्वी क्षेत्रस्थित कञ्चनजङ्घा हिमाल नेपालको गौरवमात्र नभई अन्तरराष्ट्रियस्तरमा पनि पर्यटन सम्भावनाको धनी क्षेत्र हो । प्राकृतिक सौन्दर्य, जैविक विविधता र सांस्कृतिक सम्पदाले यस क्षेत्रमा अझ पर्यटन आकर्षण बढाउने सम्भावना देखिएको छ । यस क्षेत्रमा सञ्चार र पूर्वाधार थप व्यवस्थित गरिएमा कञ्चनजङ्घा क्षेत्र साहसिक पर्यटन तथा ट्रेकिङ गन्तव्य बन्न सक्छ । ट्रेकिङ मार्गमा नयाँ होमस्टे, बाटोमा सङ्केत चिह्न, प्राथमिक उपचार केन्द्र तथा आपत्कालीन उद्धार सेवा विस्तार भएमा अझ पर्यटक भ्रमण गर्न आउने छन् ।

कञ्चनजङ्घा क्षेत्रमा पर्यटन विकाससँगै स्थानीय समुदायको सहभागिता उल्लेखनीय छ । होमस्टे सञ्चालन, प्रथप्रदर्शक, पोर्टर, खच्चड सेवा, हस्तकलाका सामग्री बिक्रीजस्ता माध्यमबाट समुदायले राम्रो आम्दानी गरिरहेका छन् ।

सगरमाथा संवाद २०२५ सम्पन्न

# २५ बुँदे घोषणापत्र जारी

झापा(प्रस) । 'सगरमाथा संवाद २०२५' को समापनसँगै नेपालले जलवायु परिवर्तन, हिमाली क्षेत्रको संरक्षण र मानव भविष्यका लागि २५ बुँदे घोषणापत्र सार्वजनिक गरेको छ । आइतबार समापन सत्रमा परराष्ट्र मन्त्री डा.आरजु राणा देउवाले उक्त घोषणापत्र सार्वजनिक गर्दै विश्व समुदायलाई जलवायु सङ्कट विरुद्ध एकजुट भई कदम चाल्न आह्वान गरिन् ।

समापनपछि परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले सगरमाथा संवादमार्फत हिमाल मात्र नभई समुन्द्र सतहसम्म प्रभावित हुनेहरूसम्मको सरोकार उजागर गर्न खोजिएको बताए । 'यो नेपालको मात्र विषय होइन, यो सबैको साझा विषय हो' उनले भने, 'विकासोन्मुख र अति कमविकसित देशलाई आवश्यक सहयोग नपुगेमा लिएका लक्ष्य पूरा गर्न सकिँदैन ।'

उनका अनुसार 'सगरमाथा कल फर एक्सन' घोषणापत्रमा १.५ डिग्री सेल्सियसको तापक्रम सीमा कायम राख्न आवश्यक उपायहरू प्रस्तुत गरिएको छ । 'हामी त्यसमा बस्न सक्छौँ, तर सबैको साझा प्रयास आवश्यक छ,' सचिव राईले भने । हिमाललाई विश्वमा चिनाउन सफल भएको बताउँदै उनले जलवायु परिवर्तन सम्बन्धी विभिन्न कार्यक्रममा हिमाललाई ओझेलमा पार्ने गरिएको तर यो संवाद कार्यक्रममार्फत हिमाल चर्चामा आएको बताए । सरकारले लिएको लक्ष्यअनुसार कार्यक्रम सम्पन्न गर्न सफल भएको समेत उनले बताए ।
उक्त घोषणापत्रले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा देखिएको जोखिमलाई विश्वसामु उजागर गर्न सफल भएको भन्दै मन्त्री राणाले संवादमार्फत मानव भविष्य सुरक्षित गर्न सबै सहभागीबिच सहमति बनेको जानकारी दिइन् ।

'तीन दिने कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेका छौँ,' उनले भनिन्, 'जलवायु परिवर्तन, पर्वत र मानव भविष्यबारे गरिएको छलफल ऐतिहासिक रह्यो' उनले भनिन् । घोषणापत्रमा हिमाल बचाउने प्रतिबद्धता, हरित प्रविधिको प्रवर्द्धन, विकासशील राष्ट्रहरूलाई सहुलियत, वित्तीय सहयोग तथा जलवायु न्यायका पक्षमा ठोस मागहरू राखिएका छन् ।
सगरमाथा संवादको यस संस्करणले नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा जलवायु नेतृत्वदायी राष्ट्रको रूपमा स्थापित गरेको बताइएको छ ।

# वाणिज्य विभागको अनुगमनप्रति निजी विद्यालयहरूको आपत्ति

झापा(प्रस) ।वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले निजी विद्यालयहरूमा गरेको अनुगमनप्रति आपत्ति जनाएका छन् । विभागले विभिन्न निजी विद्यालयहरूमा अनुगमन गर्दै आएको छ । निजी विद्यालयहरूले उक्त अनुगमनलाई अनुगमनको नाममा डर देखाउन खोजेको भनेका छन् । निजी तथा आवासीय विद्यालय सङ्गठन नेपाल (प्याब्सन) र राष्ट्रिय प्याब्सन (एनप्याब्सन) ले अनुगमनप्रति आपत्ति जनाएका हुन् ।
उनीहरूले गुणस्तरीय शिक्षामा निरन्तर लागिपरिरहेका निजी विद्यालयहरूमा राज्य संयन्त्रबाट अनुगमनको नाममा डर देखाउने, मानसिक दबाब सिर्जना गर्ने र विद्यालयहरूको शैक्षिक स्वतन्त्रतालाई ह्रास गर्ने कार्य गरिरहेको बताएका छन् ।
शैक्षिक शुल्क निर्धारण, शैक्षिक गुणस्तर, व्यापार कारोबार जस्ता



बहानामा विभागले अनावश्यक हस्तक्षेप गरिरहेको भन्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीको ध्यानाकर्षण गराएका छन् ।
प्याब्सन अध्यक्ष कृष्ण अधिकारी, सहअध्यक्ष गोपाल आचार्य र एनप्याब्सनका अध्यक्ष सुभाषचन्द्र न्यौपाने नेतृत्वको प्रतिनिधिमण्डलले मन्त्री भण्डारीको ध्यानाकर्षण गराएका हुन्।
शिक्षामा निजी क्षेत्रको योगदानको प्रशंसा गर्दै मन्त्री भण्डारीले शिक्षालाई व्यवसायको दृष्टिले नभई सेवाको दृष्टिकोणबाट बुझिने गरी अनुगमन रोक्न विभागलाई तत्काल निर्देशन दिने प्रतिबद्धता व्यक्त गरे । 'निजी विद्यालयहरूले गरेको योगदान उल्लेखनीय छ। त्यसैले विभागबाट अनावश्यक डर देखाउने खालको अनुगमन तुरुन्त रोक्न निर्देशन दिन्छु,' मन्त्री भण्डारीले भने ।

प्याब्सनको नेतृत्वलाई जानकारी नदिई कुनै पनि अनुगमन कार्य भएमा सम्बन्धित विद्यालयले पनि जानकारी नदिन अध्यक्ष अधिकारीले निजी विद्यालयहरूमा अनुरोध गरे । राज्यका कुनै पनि निकायबाट डर, त्रास र हतोत्साहित गर्ने गतिविधि नगर्न र मन्त्रालयले यस्ता गतिविधिप्रति सकारात्मक दृष्टिकोण लिएकोमा धन्यवाद व्यक्त गरे।

# सगरमाथा संवादमा इलामे चियाको स्वाद

झापा(प्रस) । नयाँ वर्ष २०८२ को पूर्वसन्ध्यामा परराष्ट्र मन्त्रालयद्वारा नेपालमा रहेका विदेशी नियोगका प्रमुख तथा विभिन्न अन्तर्राष्ट्रिय संघ सङ्गठनहरूका प्रतिनिधि तथा राजदूतहरूका लागि 'रिट्रिट' कार्यक्रमको आयोजना गरिएको थियो ।
मन्त्रालयले प्रायः हरेक वर्ष गर्ने यो कार्यक्रम यसपटक पूर्वी इलामको श्रीअन्तुमा आयोजना गरिएको थियो । नेपालस्थित कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरूका लागि आयोजित सो रिट्रिटमा इलामका चिया बगान र अन्तु पुगेका राजदूतहरूले अन्तु डाँडाबाट यस वर्षको पहिलो दिनको सूर्योदय पनि बडो चाखपूर्वक हेरेका थिए ।
परराष्ट्रमन्त्री डा आरजु राणा देउवाको नेतृत्वमा त्यहाँ पुगेका राजदूतहरूले विभिन्न जातजातिका वेशभूषामा सजिने, चियाबगानमा तस्बिर खिचाउने तथा कतिपयले त कन्यामका विभिन्न स्थानमा घोडचडीमा समेत रमाएका थिए । त्यहाँ बेलायत, जापान, अष्ट्रेलिया,



युरोपेली युनियनलगायत १५ देशका राजदूत एवं मिसन प्रतिनिधि र विभिन्न अन्तरराष्ट्रिय संघ सङ्गठनका प्रतिनिधिहरू पनि थिए ।
परराष्ट्र मन्त्रालयद्वारा आयोजित यस कार्यक्रमलाई नेपाल पर्यटन बोर्ड र इलामको सूर्योदय नगरपालिकाले सहयोग पनि गरेका थिए । खासमा नेपालस्थित विदेशी मिसनका प्रमुख र प्रतिनिधिहरूलाई नेपालका पर्यटकीय स्थान, कला, संस्कृति र सम्पदाहरूको परिचय दिलाउने र त्यसमार्फत नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मन्त्रालयले यस प्रकारको कार्यक्रम आयोजना गर्ने गरेको छ ।
यसपटक उनीहरूका लागि इलाममा प्रमुख दुई आकर्षक चिया टिप्ने प्रतियोगिता र ताजा चिया चाख्ने (टि टेस्टिङ) कार्यक्रम पनि राखिएको थियो । अन्तुको चिया बगानमा कूटनीतिज्ञहरू चिया टिप्ने प्रतियोगितामा सहभागी पनि भए र सबैभन्दा बढी चिया टिप्नेले पुरस्कार पनि पाए । त्यसपछि त्यसैदिन अर्थात् गत चैत ३१ गते अपराह्न टि टेस्टिङ कार्यक्रममा मन्त्री डा राणासहित सबै कूटनीतिज्ञहरू सहभागी थिए । त्यस क्रममा उनीहरूले चिया बगानको बडो स्वादिलो र स्वस्थ्य चिया पिउन पाएको अनुभव पनि आदानप्रदान गरेका थिए ।

सूर्योदय नगरपालिकाको संयोजनमा भएको सो कार्यक्रममा त्यहाँका स्थानीय चिया उद्यमीहरूको पनि सहभागिता थियो । उपस्थित कूटनीतिज्ञ एवं पाहुनाहरूलाई ताजा तथा विविध थरि र स्वादका चिया उपलब्ध गराएका थिए । स्थानीय जनप्रतिनिधि एवं उद्यमीहरूले त्यहाँ उपस्थित परराष्ट्रमन्त्री डा राणालाई नेपाली चियाको प्रवर्द्धन गर्न र यसको बजारलाई मुलुक बाहिर विस्तारका लागि सहयोगका लागि आग्रह गरे ।

## कोशीको...

सुशासनको कुरा गर्छन्, तर सांसद, कर्मचार ीसहितको पैसा गलत ठाउँमा पठाइएको छ ।'
नेकपा (एकीकृत समाजवादी) का संसदीय दलका नेता राजेन्द्रकुमार राईले सरकारको नीति निर्माण क्षमतामाथि प्रश्न गरे । 'पौने तीन वर्ष बितिसक्दा पनि नियमावली बनाउन नसक्नुले सरकारको वैधानिकता नै संकटमा परेको छ', उनले भने, 'प्रदेश सभा संसद्प्रति जवाफदेही हुनुपर्छ । लामो समय सरकार टिक्दैमा सफलता हासिल भयो भन्न मिल्दैन ।'
राईले योजना छनोट प्रक्रियामा योजना आयोगको भूमिका प्रभावकारी नभएको बताउँदै सार्वजनिक र बहुवर्षीय योजना रद्ध गरेर साना र टुक्रे योजनालाई प्राथमिकता दिएको सरकारको नियतमै प्रश्न उठाएका छन् । 'बहुवर्षीय योजना भन्नासाथ सरकार कमिलालाई कुन्नि के को पैरो भने जसरी डराउँछ,' उनले कटाक्ष गरे, 'एउटा वहुवर्षे योजना सुनिश्चितताका लागि एक वर्ष लगाउने सरकारले काम चैं के गर्छ ?'
सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुन मन्त्री रेवतीरमण भण्डारीले सरकारले ल्याएको 'केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०८२' प्रदेशसभामा टेबुल गरेका थिए । यो अध्यादेश प्रदेश सरकारका तर्फबाट संविधानको धारा २०२ को प्रयोग गर्दै ल्याइएको हो, जसमा हालका कतिपय कानुनी व्यवस्थामा आवश्यक संशोधन प्रस्ताव गरिएको छ ।
सभामा एमाले संसदीय दलका उपनेता दिलकुमार मेन्याङ्बो, कांग्रेस संसदीय दलका नेता उद्धव थापा, राप्रपाका संसदीय दलका नेता भक्तिप्रसाद सिटौला, जनता समाजवादी संसदिय दलका नेता निर्मला लिम्बूलगायतले पनि बोलेका थिए ।

## सामाजिक...

प्रयत्न गर्ने । घृणा, उत्तेजना र आवेगलाई विवेकको मलम लगाउने सिद्धान्त निर्माण गर्ने । सामाजिक सञ्जालमार्फत प्रेरणा लिएर सत्कर्म गरेका सिर्जनात्मक काममा लागेका र सफल भएका उदाहरण पेस गर्ने । सामाजिक सञ्जालको समुचित प्रयोगलाई अभिप्रेरित गर्ने विषयलाई नीति र निरन्तरता दिने विचारलाई प्रश्रय दिनु पर्छ ।
जागिर मात्र सबै कुरा हो भन्ने मानसिकता त्यागेर जल, जमिन, जङ्गल र जडीबुटीमा काम गर्नु पनि राम्रो र महत्वपूर्ण काम हो भन्ने भावनाको विकास गर्नु पर्छ । सर्वप्रथम हामीले पढाउने पाठ्यक्रमको सामयिक सुधार आवश्यक हुन्छ । भिडमा सच्चाइ देख्ने र भिडको पछि लागेर धारणा बनाउने परिपाटीले सामाजिक नैतिकता ध्वस्त बनाउँछ । भीड हरेक कुराको समाधान होइन भन्ने तत्वबोध गर्न ढिलाइ गर्नु हुन्न ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज जोशजाँगर र हिम्मत बढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला ।
**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।
**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।
**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।
**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ
**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।
**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।
**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।
**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।
**मिन** बन्धु बान्धवबाट सहयोग मिल्नेछ । पारिवारिक सद्भाव बढ्नेछ ।